अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।०५ गते

प्रेस विज्ञप्ति
विषय: आरोप-पत्र दायर गरिएको ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक संजीव कुमार कर्णसमेतले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट खरिद गरिएको चारवटा प्रयोगशाला मोबाइल भ्यान (Well Equipment Laboratory Mobile Van) खरिद गर्दा भ्यान खरिद गरी कार्यालयमा दाखिला नभएको अवस्था हुँदाहुँदै नियम कानूनलाई आफू अनुकूल प्रयोग गरी कमिशन खाई भ्यान कार्यालयमा प्राप्त भएको भनी प्रगति देखाई रकम भुक्तानी गरेको, भ्यानको स्वीकृत मापदण्ड नपुगी सार्वजनिक ऐन नियमको उल्लंघन गरी अनियमितता गरेको विषयमा छानबिन गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि बोलपत्रको माध्यमद्वारा खरिद गरिएको चार थान Well Equipment Laboratory Mobile Van सप्लाई गर्ने Prudent Meditech International कमलादी, काठमाडौंले आपूर्ति गरेको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना र विभागको नाममा कायम भएका भ्यान र सोको विभिन्न Parts अन्तर्गतका सरसमान, उपकरण तथा रसायनहरूसमेत स्वीकृत मापदण्ड तथा स्पेशिफिकेसन अनुसार भए/नभएको सम्बन्धमा चेकजाँच गरी गुणस्तरहीन भएको भन्ने प्राविधिक प्रतिवेदनसमेतलाई अनदेखा गरी सप्लायर्ससँगको मिलेमतोमा बदनियतपूर्वक आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई चार थान प्रयोगशाला मोबाइल भ्यानको भुक्तानी दिने गरी दुइ पटकमा जम्मा रू.२४,८०,९५,११६/- (चौबीस करोड असी लाख पञ्चानब्बे हजार एक सय सोह्र रुपैया) हिनामिना हानिनोक्सानी गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक संजीव कुमार कर्ण, बरिष्ठ खाद्य अनुसन्धान अधिकृत पूर्णचन्द्र वस्ती, लेखापाल रविता श्रेष्ठ, नायब सुब्बा गुरुदत्त गौतम, शाखा अधिकृत भागिरथ आचार्य, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना व्यवस्थापन इकाई खुमलटारका उपसचिव (लेखा) गणेश प्रसाद चालिसे, लेखापाल बालाराम पोखेल, तत्कालीन परियोजना निर्देशक नरहरि प्रसाद घिमिरे, बरिष्ठ कृषि इन्जिनियर सरोज अधिकारी, बरिष्ठ योजना अधिकृत तिलकराज चौलागाई, परियोजना निर्देशक लक्ष्मण प्रसाद पौडेल र बरिष्ठ अनुगमन मूल्याङ्कन अधिकृत इन्द्रहरि पौडेल र Prudent Meditech International का प्रतिनिधि प्रविण कुँवरलाई देहाय बमोजिमको कसूरमा देहाय बमोजिमको सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

देहायः-

सि.न	नामथर	पद	कार्यालय	बिगो	सजाय मागदाबी
१.	संजीव कुमार कर्ण	महानिर्देशक	खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग	रू.१२,४०,४७,५५८।–	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी
२.	पूर्णचन्द्र वस्ती	बरिष्ठ खाद्य अनुसन्धान अधिकृत	"		
३.	रविता श्रेष्ठ	लेखापाल	"		
४.	गुरुदत्त गौतम	नायब सुब्बा	"		
५.	भागिरथ आचार्य	शाखा अधिकृत	"	रू.४,१३,४९,१८६।–	"
६.	गणेश प्रसाद चालिसे	उपसचिव (लेखा)	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, खुमलटार	रू.१२,४०,४७,५५८।–	"
७.	बालाराम पोखेल	लेखापाल	"		
८.	नरहरि प्रसाद घिमिरे	तत्कालीन परियोजना निर्देशक	"	रू.८,२६,९८,३७२।–	"
९.	सरोज अधिकारी	बरिष्ठ कृषि इन्जिनियर	"		
१०.	तिलकराज चौलागाई	बरिष्ठ योजना अधिकृत	"		
११.	लक्ष्मण प्रसाद पौडेल	परियोजना निर्देशक	"	रू.४,१३,४९,१८६।–	"
१२.	इन्द्रहरि पौडेल	बरिष्ठ अनुगमन मूल्याङ्कन अधिकृत	"		
१३.	प्रविण कुँवर	आधिकारिक प्रतिनिधि (सप्लायर्स)	Prudent Meditech International, कमलादी, काठमाडौं	रु.२४,८०,९५,११६।-	भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) अनुसारको कसूरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी

(प्रदीपकुमार कोइराला)

प्रवक्ता